# त्रिभुवन विश्वविद्यालय
**Tribhuvan University**
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
**DEAN'S OFFICE**


पत्र संख्या:-
**Ref. No.**
चलानी नं:-

(प्रवेश परीक्षा समिति)

मितिः २०८२।०८।२१
**Date:**

## एलएल.एम.प्रवेश परीक्षा-२०८२ को लागि परीक्षा केन्द्र,परीक्षा समय र सिम्बोल नं. प्रकाशित गरिएको सम्बन्धमा !

यस कानून संकायबाट शैक्षिक सत्र २०८१।०८२ को लागि **स्नातकोत्तर** (एलएल.एम.) **तहमा** भर्ना हुनका लागि **मिति २०८२।०८।२७ गते शनिबारका दिन** संचालन गरिने प्रवेश परीक्षाको लागि प्रवेश परीक्षा समितिको मिति २०८२।०८।२१ गतेको निर्णयानुसार देहाय बमोजिमको परीक्षा केन्द्र, परीक्षा संचालन हुने समय र परीक्षार्थीहरुको सिम्बोल नम्बर कायम गरीएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | परीक्षा केन्द्र | परीक्षा समय | परीक्षा सिम्वोल नम्बर |
|---|---|---|---|
| १. | महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौं | विहान ८ बजे देखि ११ बजेसम्म | ८२१०१ देखि ८२७०९ सम्म |
| २. | पृथ्वीनारायण क्याम्पस, बगर, पोखरा | | ८२७१० देखि ८२७७६ सम्म |

**द्रष्टव्य** : प्रवेश पत्रमा परीक्षार्थीहरुको कुनै विवरण फरक परेमा मिति २०८२।०८।२४ गते कार्यालय समय भित्र कानून संकायको ईमेल ठेगाना facultyoflaw1234@gmail.com मार्फत निवेदन दिनुपर्नेछ ।

**परीक्षार्थीले प्रवेशपत्र देहाय बमोजिम Download गर्न सकिन्छ :**

1. Visit the website www.fol.edu.np
2. Click on Online Application (LL.M.)
3. Click on Check your status/Print Admit Card.
4. Fill up the form as shown.
5. Click on download option.
6. You will receive Admit card.

**If Users find restriction on downloading, please follow the Add-on Instructions:**

1. On your computer, open Chrome.
2. At the top right, click more settings.
3. Click privacy and security, Third-Party Cookies.
4. Select an option: ALLOW Third-Party Cookies.

**If Users find restriction while downloading, Use MOBILE PHONE as alternative.**


Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: facultyoflaw1234@gmail.com, Website: www.fol.edu.np

# त्रिभुवन विश्वविद्यालय
**Tribhuvan University**
कानून संकाय
**FACULTY OF LAW**
(प्रवेश परीक्षा समिति)

डीनको कार्यालय
**DEAN'S OFFICE**


पत्र संख्याः-
**Ref. No.**
चलानी नंः-

मितिः २०८२।०८।२१
**Date:**

## परीक्षार्थीले परीक्षा दिँदा अनिवार्य पालना गर्नु पर्ने नियमहरु :

- परीक्षार्थीहरुले प्रवेश पत्र **कलर प्रिन्ट** गरी परीक्षा केन्द्रमा लिएर जानुपर्नेछ । परीक्षार्थीले परीक्षा अवधिभर आफ्नो प्रवेश पत्रका साथ अन्य कुनै परिचय खुल्ने कागजहरु (नागरिकता, ड्राईभिङ लाइसेन्स, मतदाता परिचयपत्र , राष्ट्रिय परिचयपत्र र नेपाल बार काउन्सिलबाट जारी भएको परिचय पत्र मध्ये कुनै एक) अनिवार्य रुपमा साथमा राख्नु पर्नेछ । प्रवेश पत्र र परिचयपत्र विना परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन ।
- वस्तुगत उत्तरपुस्तिकामा तोकिएको कोष्ठ भित्र ✓ (Tick) लगाउनुपर्नेछ । ✓ (Tick) बाहेक अन्य चिन्ह वा संकेत प्रयोग गरेको पाईएमा उक्त उत्तरपुस्तिका परीक्षण गरिने छैन । दुईवटा कोष्ठ भित्र ✓ (Tick) लगाएमा एउटा ✓ को उत्तर सही ठिक भएपनि गणना गरिने छैन ।
- परीक्षार्थीले उत्तरपुस्तिकामा रेजा ✓ (Tick) चिन्ह मात्र लगाउनु अगाडि उत्तरपुस्तिका र प्रश्नपत्रमा उल्लेखित SET रुजु गरेर मात्र रेजा ✓ (Tick) लगाउनुपर्नेछ । प्रश्नपत्रमा उल्लेखित SET बाहेक अन्य SET को उत्तरपुस्तिकामा रेजा (Tick) ✓ लगाएमा विद्यार्थी स्वयं जवाफदेही हुनेछ ।
- परीक्षार्थीहरुले उत्तरपुस्तिकामा अनिवार्य **कालो मसी मात्र (BLACK INK ONLY)** प्रयोग गर्नुपर्नेछ । **कालो मसी** बाहेक आंशिक वा पुरा रुपमा अन्य रङ्को मसी वा सिसाकलम (Pencil) प्रयोग गरेको पाईएमा त्यस्तो उत्तरपुस्तिका स्वत रद्द हुनेछ ।
- परीक्षार्थीले परीक्षा भवनमा निषेधित बस्तुहरु **(Mobile Phone, Calculator, Bluetooth, I-Pad, Tablet PC, Earphones, Smart Watch)** जस्ता कुनै पनि **Electronic / Digital** उपकरणहरु ल्याउन पाउने छैन, यदि साथमा राखेको पाइएमा वा परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्तिहरु उपर परीक्षार्थीले अभद्र व्यवहार गरेमा केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थी उपर तत्काल कारवाही गर्नुका साथै परीक्षा हलबाट तुरुन्त निष्काशन गर्न सक्नेछन् ।

सहायक डीन
कानून संकाय
त्रिभुवन विश्वविद्यालय


Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: facultyoflaw1234@gmail.com, Website: www.fol.edu.np

# त्रिभुवन विश्वविद्यालय
## Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW


डीनको कार्यालय
DEAN'S OFFICE

पत्र संख्याः-
Ref. No.
चलानी नं:-

(प्रवेश परीक्षा समिति)

मितिः २०८२।०८।२१
Date:

- उत्तरपुस्तिकामा आफ्नो सिम्बोल नं.स्पष्ट बुझिने गरी अंक र अक्षरमा लेख्नुपर्नेछ । सिम्बोल नं. नलेखिएको वा नबुझिने गरी लेखिएको उत्तरपुस्तिका परीक्षण गरिने छैन । साथै उत्तरपुस्तिकामा परीक्षार्थीले हस्ताक्षर अनिवार्य गर्नुपर्नेछ ।
- परीक्षार्थीले तोकिएको सिटप्लान अनुसार निर्धारित स्थानमा बसी परीक्षा दिनु पर्नेछ । केन्द्राध्यक्ष वा निरीक्षकको अनुमति विना आफ्नो सिट स्वेच्छाले हेरफेर गर्न पाइने छैन । यदि हेरफेर गरेको पाइएमा केन्द्राध्यक्षले त्यस्तो परीक्षार्थीलाई तत्काल परीक्षाहलबाट निष्काशन गर्न सक्नेछ ।
- परीक्षा शुरु भएको **आधा घण्टा** पछि कुनै पनि परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन । साथै परीक्षा प्रारम्भ भएको **एक घण्टा पछि मात्र परीक्षा हल छाड्न** पाउनेछन् ।

पुनश्चः

- ***यस कानून संकायको एलएल.एम. प्रवेश परीक्षाका लागि दस्तुर दाखिला गरि अनलाईन आवेदन फाराम भरेका तर आवेदन स्वीकृत नभई रद्द भएका तथा दस्तुर दोब्बर, तेब्बर बुझाएका आवेदकहरुको दस्तुर प्रवेश परीक्षाको नतिजा प्रकाशन भए पश्चात् नियमानुसार फिर्ता गरिने व्यहोरा समेत सम्बन्धित सूचित गरिन्छ ।***

डा.नेवल चौधरी
सहायक डीन एवं संयोजक
प्रवेश परीक्षा समिति

सहायक डीन
कानून संकाय
त्रिभुवन विश्वविद्यालय


Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: facultyoflaw1234@gmail.com, Website: www.fol.edu.np